# अध्याय एक

# शोध परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधको शीर्षक "कक्षा दुईमा शिक्षक विद्यार्थीको अन्तरक्रिया" रहेको छ ।

## १.२ शोध प्रयोजन

प्रस्तुत शोधपत्र त्रि.वि. शिक्षाशास्त्र सङ्काय कनकाई बहुमुखी क्याम्पस नेपाली शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको नेपा. शि. ५९८ पाठ्यांशको प्रयोजनका लागि तयार पारिएको छ ।

## १.३ समस्या कथन

कक्षा दुईमा शिक्षक विद्यार्थीबीचको अन्तरक्रियाको अध्ययन गर्नु यस शोधको प्रमुख उद्देश्य रहेको  छ । यस सन्दर्भमा कक्षाकोठामा विद्यार्थी - शिक्षक बीचमा हुने अन्तरक्रियात्मक कार्यकलाप सम्बन्धी अध्ययनलाई समस्याको रूपमा लिइएको छ ।

अन्तरक्रिया भनेको अध्ययन अध्यापनको समयमा कुनै विषय वा समस्यामा आवद्ध भई दुई वा दुईभन्दा बढी व्यक्तिले आफ्ना विचारहरू सञ्चार गरेर सही निष्कर्ष वा समाधानमा पुग्ने प्रक्रिया हो । अध्यापनको समयमा विद्यार्थीलाई अन्तरक्रियामा सहभागी हुने मौका प्रदान गरेमा उनीहरूमा लाज, सङ्कोचको भावना हराई निर्धक्कसँग आफ्ना विचार राख्ने, नबुझेका ठाउँमा तुरुन्त सोध्न सक्ने क्षमताको विकास हुन्छ । कक्षामा विद्यार्थी एउटै प्रवृत्तिका नभएर अन्तरमुखी र बहिर्मुखी प्रकृतिका हुन्छन् । विद्यार्थीलाई सक्रिय बनाउनको लागि तथा शिक्षकले पनि आफूले पढाएको विषयवस्तुको प्रभावकारिता थाहा पाउन अन्तरक्रिया हुन जरुरी हुन्छ ।

कक्षाकोठाभित्र शिक्षक विद्यार्थी अन्तरक्रिया समान रूपमा हुन नसक्नु समस्याको रूपमा राखिएको छ । बुँदागत रूपमा यस अध्ययनसँग आवद्ध समस्यालाई निम्नानुसार उल्लेख गरिएको छ ।

१. कक्षा दुईमा अध्ययन अध्यापनरत शिक्षक विद्यार्थी कक्षा अवधिभरको कति समय सक्रिय रहे र कति समय अन्तरक्रिया भयो ?
२. उक्त कक्षामा शिक्षक विद्यार्थी बीच गरिने क्रियाकलाप कस्तो छ ?
३. कक्षा दुईको नेपाली भाषा शिक्षण सिकाइमा उद्देश्य अनुसारको शिक्षणक्रम कस्तो छ ?
४. पाठ्यवस्तु र कार्यकलापको तालमेल कस्तो छ ?
५. विभिन्न भाषिक पृष्ठभूमिबाट आएका विद्यार्थीहरू व्यवहार र अन्तरक्रियामा कतिको सहभागी हुन्छन् ?

## १.४ शोधको उद्देश्य

कुनै पनि कार्य गर्नुका पछाडि निश्चित उद्देश्यहरू रहेका हुन्छन् । उद्देश्य बिनाको कार्य अपूर्ण बन्न जान्छ । त्यसैले निश्चित उद्देश्य प्राप्त गर्नका लागि अगाडि नै उद्देश्य स्पष्ट रूपमा उल्लेख गर्नुपर्दछ । यसर्थ प्रस्तुत शोधका निम्न लिखित उद्देश्यहरू रहेका छन् ।

१. कक्षा दुईमा अध्ययनरत शिक्षक विद्यार्थी बीच हुने अन्तरक्रियाको समय र विद्यार्थी सहभागिता पहिल्याउनु ।
२. उक्त अन्तरक्रियामा भाषा शिक्षण सिकाइ बीचको उद्देश्य अनुरूपताको विश्लेषण गर्नु ।
३. पाठ्यवस्तु र कार्यकलापको तालमेल पहिल्याउनु ।
४. कक्षा अन्तरक्रियाका क्रममा देखापरेका समस्याहरू र सामधानका उपायहरू पहिल्याउनु ।

## १.५ पूर्वकार्यको समीक्षा

कुनै पनि अनुसन्धान गर्नुभन्दा पहिले त्यस विषयसँग सम्बन्धित पहिले भइसकेका अनुसन्धानहरूको अवलोकन गर्नु आवश्यक हुन्छ । वर्तमानलाई विगतले गतिशील बनाउने हुँदा आफूले गर्दै गरेको अनुसन्धानलाई उद्देश्यमूलक बनाई सही मार्गमा अगाडि बढाउन प्रत्यक्ष अप्रत्यक्ष रूपमा सम्बन्धित पूर्व अध्ययनको विशेष महत्त्व हुन्छ । पूर्वकार्यको अध्ययनबाट नै आफूले गर्न लागेका कार्यमा अगाडि त्यस्ता कार्य भए नभएको बारेमा जानकारी हुन्छ ।

प्रस्तुत शोधकार्य कक्षा दुईमा शिक्षक विद्यार्थी अन्तरक्रियाको अध्ययन शीर्षकसँग सम्बन्धित पूर्व अनुसन्धानका अध्ययनलाई आधार मानी हेर्दा यो शीर्षकमा खासै अनुसन्धान भएको पाइँदैन । कक्षाकोठामा शिक्षक विद्यार्थी अन्तरक्रियाका सम्बन्धमा स्वदेशी तथा विदेशी विद्वानबाट केही पुष्टि र सामान्य अध्ययन हुनका साथै त्रिभुवन विश्वविद्यालयबाट केही अनुसन्धानात्मक कार्य भएका पाइन्छन् । त्यसैले यहाँ पूर्वकार्यको रूपमा अनुसन्धानात्मक शोधकार्यहरूका निष्कर्षहरू समावेश गर्न अनुकूल नभए पनि विभिन्न विद्वानहरूद्वारा विद्यालय तथा विश्वविद्यालय तहका लागि तयार पारिएका पाठ्यसामग्रीहरूमा गरिएका सम्बन्धित पाठ्यांशहरूको सङ्क्षिप्त चर्चा गरिएको छ ।

खगेन्द्र सुवेदीद्वारा लिखित “विद्यालय निरीक्षक दिग्दर्शन” नामक पुस्तकमा कक्षाकोठामा शिक्षक विद्यार्थी अन्तरक्रिया सम्बन्धी लेख, कक्षा अवलोकन फाराम, विद्यालय निरीक्षण फाराम, कक्षा अवलोकन गर्दा ध्यान दिनुपर्ने कुराहरू, कक्षाकोठा व्यवस्थापन, कक्षा अवलोकनका अङ्ग तथा प्रक्रिया, शिक्षण विधि, विद्यार्थी मूल्याङ्कन आदिका बारेमा जानकारी पाइन्छ । यी कुराहरूले यस शोधपत्रलाई पूरा गर्न महत्त्वपूर्ण सहयोग गर्ने हुँदा प्रस्तुत “विद्यालय निरीक्षक दिग्दर्शन” नामक पुस्तक यस शोधप्रस्तावका लागि उल्लेखनीय रहेको छ ।

शिक्षाशास्त्र सङ्काय अङ्ग्रेजी भाषाशिक्षा विभागबाट सन् २००७ मा दिनेश पोखेलद्वारा गरिएको "इफेक्टिभनेस अफ इन्टरयाक्सन टेक्निक इन रिचिङ कम्युनिकेटिभ फङ्सन्स" शीर्षकको शोधले निम्न निष्कर्ष निकालेको छ ।

क) अन्तरक्रिया विधिको निर्वाह गरी अङ्ग्रेजी भाषा सिकाई गर्दा सिकाइमा परिवर्तन आउने ।

ख) शिक्षण सामग्रीको प्रयोगबाट मात्र कक्षा शिक्षणमा सकारात्मक परिवर्तन नआउने यसका लागि शिक्षण विधिमा नयाँपन दिनुपर्ने ।

ग) शिक्षणक्रममा व्याख्या र विश्लेषण फरक फरक तरिकाबाट गरिए सकारात्मक प्रक्रिया आउने ।

घ) अन्तरक्रियाको माध्यमबाट जुन कुरा सिकिन्छ, त्यसले लेखन क्षमतालाई बढाउँछ भन्ने निष्कर्ष दिइएको छ ।

सीता घिमिरे (२०६५) द्वारा तयार पारिएको "कक्षा चारको शिक्षक विद्यार्थी अन्तरक्रियाको अध्ययन" नामक शोधपत्रमा शिक्षक विद्यार्थी अन्तरक्रियाको समय अवधि निर्धारण गर्नु, समय अविधभर दैनिक पाठ अनुसार क्रियाकलाप छ/छैन अध्ययन गर्नु, पाठ्यवस्तु अनुसार शिक्षण क्रमको अध्ययन गर्नु, विद्यार्थीका कक्षा सहभागिताको प्रवृत्ति पहिल्याउनु जस्ता उद्देश्यहरू रहेका र प्रस्तुत उद्देश्यहरूको यो शोधप्रस्तावलाई धेरै सहयोग पुग्ने देखिन्छ । अधिकांश समय कसले उपयोग गर्छ वा विद्यार्थी कति सक्रिय रहन्छन् भन्ने बारेमा शोधले जानकारी दिएको पाइन्छ । अन्तरक्रियाको वातावरण, न्यून पाठ्यपुस्तक र कालोपाटीको मात्र प्रयोग गरेको र अन्तरक्रिया अत्यन्त न्यून देखिन्छ । विद्यार्थीले बुझे बुझेनन् भनेर मूल्याङ्कन गरिएको पाइँदैन । विद्यालयहरू परम्परागत र रुढीवादी ढङ्गले सञ्चालित भएको निष्कर्ष दिइएको छ । विशेष गरेर यस अध्ययनले कक्षाकोठामा कसरी अन्तरक्रियाको विकास गर्न सकिन्छ र कस्तो खालको विकास हुन्छ भन्ने जानकारी दिएको पाइन्छ ।

प्रस्तुत शोधमा क्षेत्रीय अध्ययन विधिद्वारा उपत्यकाका सरकारी तथा निजी विद्यालयका कक्षा चारका शिक्षक विद्यार्थी अन्तरक्रियाको अध्ययन गरिएको छ । काठमाडौँ उपत्यकाका १० वटा विद्यालयहरूमा यो अध्ययन केन्द्रित छ ।

रक्षबहादुर क्षेत्री (२०६५) द्वारा तयार पारिएको "कक्षा पाँचका शिक्षक विद्यार्थीहरूको अन्तरक्रियाको अध्ययन" नामक अप्रकाशित शोधपत्रमा कक्षा पाँचमा नेपाली विषयको शिक्षक-विद्यार्थी अन्तरक्रियाको समयावधि अध्ययन गर्नु, विद्यार्थी सहभागिताको अध्ययन गर्नु, शिक्षक विद्यार्थी अन्तरक्रियाका बारेमा सुझाव दिनु जस्ता उद्देश्यहरू रहेका छन् । अध्ययन अनुसार कक्षा पाँचका विद्यार्थीलाई भाषा शिक्षण गर्दा अन्तरक्रियाको समय न्यून रहेको पाइएको छ । अधिकांश विद्यार्थी शिक्षकलाई प्रश्न समेत सोध्न नसक्ने स्थितिमा रहेको पाइएको छ । शिक्षक विद्यार्थीका बीच अथवा विद्यार्थी विद्यार्थीका बीचमा अन्तरक्रिया गराएर अन्तरक्रियाको माध्यमबाट विद्यार्थीलाई सक्रिय तुल्याएर शिक्षण गर्न उपयुक्त हुने निष्कर्ष निकालेको पाइन्छ । यस निष्कर्षले प्रस्तुत शोधपत्रलाई अध्ययन तथा सम्पन्न गर्नमा सहयोग पुऱ्याउने भएकाले उल्लेखनीय बन्न पुगेको छ ।

कान्ति कटुवाल (२०६५) द्वारा तयार पारिएको कक्षा आठको "नेपाली भाषाको अध्ययन" नामक अप्रकाशित शोधपत्रमा कक्षा आठमा अध्ययनरत विद्यार्थी र अध्यापनरत शिक्षक बीच हुने अन्तरक्रियाको समयावधि पत्ता लगाउनु, उक्त कक्षाका शिक्षक-विद्यार्थी बीच गरिने अन्तरक्रियाको स्वरूप पहिल्याउनु, उक्त कक्षामा पाठको प्रकृति अनुरूप सान्दर्भिकता र अन्तरक्रियाको सार्थकता पहिचान गर्नु, कक्षा अन्तरक्रिया उपयोगको महत्त्व बोध गर्न आवश्यक सुझाव दिनु आदि जस्ता उद्देश्यहरू रहेका पाइन्छन् । शिक्षक विद्यार्थी अन्तरक्रियामा बढी समय शिक्षकले बोल्ने र विद्यार्थी केवल निष्कृय श्रोता रहेको पाइएको छ । यस शोधपत्रमा काठमाडौँ जिल्लाका ९ वटा विद्यालयमा गरिएको अध्ययन अनुसार कक्षा आठका विद्यार्थीहरूलाई भाषा शिक्षण गर्दा अन्तरक्रियाको प्रयोग न्यून मात्रामा भएको र विद्यार्थीले आफूले

नसक्ने र प्रश्न गरे पनि शिक्षकले त्यसको उत्तर अरु विद्यार्थीबाट अपेक्षा नगरी आफैं बताएको पाइएको छ ।

समग्रमा अझै पनि कक्षाकोठामा परम्परागत शैलीमा एउटा पाठ्यपुस्तक, कालोपाटी र चकको आधारमा व्याख्यान विधिको प्रयोग गरी शिक्षण सञ्चालन भएको पाइएको छ । त्यसैले विद्यार्थीलाई सक्रिय बनाएर विद्यार्थी केन्द्रित विधिको प्रयोग गर्दै अन्तरक्रियाको माध्यमबाट शिक्षण गर्नुपर्ने निष्कर्ष निकालेको देखिन्छ ।

यसरी माथिका अध्ययनहरू विभिन्न पक्षमा भए पनि यिनले अन्तरक्रियाका सम्पूर्ण पक्षलाई समेट्न सकेको पाइँदैन । माथिका अध्ययनले पाठ्यक्रम अनुरूप शिक्षण भए नभएको केलाएको पाइँदैन । प्रस्तुत शोधपत्रमा शिक्षकले शिक्षण गरेको पाठमा पाठ्यक्रम र कार्यकलापका बीचमा कतिको तालमेल रहेका छ, त्यसलाई पत्ता लगाएको छ । कक्षामा शिक्षक-विद्यार्थी बीच गरिने कार्यकलाप कस्तो छ पत्ता लगाई सम्बन्धित शिक्षकलाई सुझाव दिइएको छ । कक्षामा शिक्षक-विद्यार्थी बीच गरिने कार्यकलाप कस्तो छ पत्ता लगाइएको छ र भाषा शिक्षण उद्देश्य अनुरूप नभएमा उद्देश्य अनुरूप बनाउन सुझाव दिइएको छ ।

## १.६ अध्ययनको औचित्य

दुई वा दुईभन्दा बढी व्यक्तिहरू कुनै एक निश्चित विषयमा आवद्ध भई आफ्ना विचारहरू एक आपसमा सञ्चार गर्ने प्रक्रियालाई अन्तरक्रिया भनिन्छ । यसरी दुई पक्षबीच गरिने अन्तरक्रिया गर्दा एक आपसमा आफ्ना भावना र विचारहरू आफू समक्ष आउने फाइदा भएकाले अन्तरक्रियामा सहभागी दुवैलाई फाइदा पुग्न जान्छ ।

प्रस्तुत शोधपपत्र कक्षाकोठामा अध्ययन अध्यापनरत शिक्षक विद्यार्थीको अन्तरक्रिया अध्ययन भएकाले यसबाट अनुसन्धानकर्ता स्वयम्लाई, शिक्षक विद्यार्थी, प्रशिक्षक, विद्यालय निरीक्षक, पाठ्यक्रम कार्यान्वयनकर्ता, शिक्षाप्रेमी, शिक्षाविद्का निमित्त प्रत्यक्ष उपयोगी हुन्छ । भावी अनुसन्धानकर्ताहरूले यस अध्ययनको

निष्कर्षलाई यससँग मिल्दोजुल्दो शीर्षकको अध्ययनको निमित्त उपयोग गर्न सक्नेछन् । शिक्षक विद्यार्थीलाई आफ्ना पठनपाठन कार्यमा निरन्तरता दिन, पठनपाठनका क्रममा देखिएका कमी कमजोरीहरू सुधार गर्न, प्रशिक्षक र पाठ्यक्रम कार्यान्वयनकर्ताहरूले शिक्षालाई वस्तुपरक, वैज्ञानिक बनाई अघि बढाउन शिक्षा क्षेत्रका सबैलाई फाइदा पुऱ्याउँछ । विद्यार्थी र शिक्षक बीचको सम्बन्धलाई सहज एवम् सुमधुर बनाई विद्यार्थीको रुचि र क्षमता पहिल्याई शिक्षणलाई व्यवस्थित एवम् उद्देश्यपूर्ण बनाउन सहयोग पुग्ने हुँदा यस अध्ययनलाई समसामयिक र सान्दर्भिक ठानिएको हो ।

## १.७ सीमाङ्कन

जुनसुकै अध्ययनको पनि क्षेत्र, परिवेश तथा सामग्री आदिको सम्भाव्यता अनुसन्धानमा अत्यन्त विस्तृत र व्यापक हुन्छ । अध्ययनको सम्पूर्ण पक्षलाई समेट्न कठिनाई हुने हुँदा अध्ययनको व्यापकता अनि गहिराइलाई निश्चित क्षेत्रमा सीमित गर्नुपर्ने हुन्छ । निश्चित सीमाङ्कन नगरिएमा अनुसन्धान अध्ययनहरूको मार्ग विचलित हुने हुँदा प्रस्तुत अध्ययनलाई निम्नलिखित सीमामा आवद्ध गरिएको छ ।

क) प्रस्तुत शोधपत्रलाई झापा जिल्लाका ३ वटा निजी र ३ वटा सामुदायिक विद्यालयका कक्षा दुईमा अध्ययनरत विद्यार्थीहरूमा केन्द्रित गरिएको छ ।

ख) प्रस्तुत शोधलाई स्थलगत भ्रमण विधिको प्रयोग गरी उक्त कक्षाकोठाको शिक्षक विद्यार्थी अन्तरक्रियाको अध्ययनमा सीमित राखिएको छ ।

ग) प्रस्तुत शोधमा ३ वटा गा.वि.स. अन्तर्गतका विद्यालयबाट अनुसन्धान गरिएको छ, जसमा शनिश्चरे, पृथ्वीनगर र अनारमनी गा.वि.स. रहेका छन् ।

घ) प्रस्तुत शोधमा तोकिएको गा.वि.स. अन्तरर्गतका विद्यालयबाट कक्षा दुईका २०% विद्यार्थी नमुना छनोटका रूपमा लिइएको छ ।

## १.८ शोध विधि

कुनै पनि कार्य निर्धारित उद्देश्य अनुसार के कसरी सम्पन्न गर्ने भन्ने ढाँचा विधिमा उल्लेख गरेको पाइन्छ । यसले कुनै अध्ययन गरिने विषयमा नमुना छनौट,

सामग्री वा तथ्याङ्क सङ्कलन, तयारी, व्याख्या विश्लेषण तथा प्रस्तुतीकरण जस्ता कार्यलाई निर्देशित गर्दछ । मूलतः क्षेत्रीय अध्ययन विधिमा अपनाइएका प्रक्रियाहरूको उल्लेख निम्नानुसार गरिएको छ ।

### १.८.१ तथ्याङ्क सङ्कलन

अनुसन्धाताले अनुसन्धानका लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्ने क्षेत्र नै तथ्याङ्क सङ्कलनका स्रोतहरू हुन् । अनुसन्धानमा तथ्याङ्क सङ्कलनका स्रोतहरू दुई प्रकारका छन् :

#### क. प्राथामिक स्रोत

अनुसन्धाता आफैं सम्बन्धित क्षेत्रमा गई सामग्री सङ्कलन गरेका स्रोतलाई प्राथामिक स्रोतबाट प्राप्त सामग्री भनिन्छ । यस अर्न्तगत प्राचीन अभिलेख, सर्वेक्षण, अवलोकन, प्रश्नावली, अन्तरवार्ता, कृति आदि पर्दछन् ।

#### ख. द्‌वितीयक स्रोत

अन्य अनुसन्धानकर्ताले पहिले सङ्कलन गरेका वा अनुसन्धानको क्रममा अनुसन्धानले सङ्कलन गरेका अन्य सामग्री द्‌वितीयक स्रोतबाट प्राप्त सामग्री हुन् । यस अन्तर्गत सन्दर्भ पुस्तक, जर्नल, समाचार-पत्र, पूर्वकार्यहरू, अध्ययन प्रतिवेदन आदि पर्दछन् ।

### १.८.२ नमुना छनोट

यस शोधकार्यमा सामग्री सङ्कलन गर्न नमुनाका रूपमा झापा जिल्लाका तीन ओटा सामुदायिक र तीन ओटा संस्थागत विद्यालय अन्तर्गत रही ती जनसङ्ख्या अन्तर्गत रहेका कक्षाहरूलाई नमुना छनोटका रूपमा लिइएको छ जसमा प्रत्येक विद्यालयबाट १०/१० जना विद्यार्थी नमुना छनोटका लागि लिइएको छ ।

### १.८.३ सामग्री निर्माण

अध्ययन अनुसन्धानका लागि सामग्री निर्माण गर्दा विषय विज्ञका सुझाव अनुसार अवलोकन फाराम तयार गरिएको छ । अध्ययनका लागि फारामका आधारमा प्रत्यक्ष अध्ययन गरिएको छ ।

#### क. प्रश्नावली

प्रश्नावली शिक्षण विधि अन्तरक्रियाको प्रकार, पाठयोजना, शिक्षणको उद्देश्य, कक्षा शिक्षण गर्दा अपनाइने क्रियाकलाप समावेश गरी प्रश्नावली भराइएको छ ।

#### ख. कक्षा अवलोकन फाराम

प्रस्तुत शोधकार्यको उद्देश्य पूरा गर्नका लागि शोधकर्ता प्रतिनिधि नमुना स्थल गएको छ र कक्षा प्रारम्भ, शैक्षिक सामग्री, शिक्षण विधिहरू, शिक्षक समयको बाँडफाँड, शिक्षक विद्यार्थी अन्तरक्रिया आदिका आधारमा अवलोकन फाराम भरिएको छ ।

#### ग. अन्तरवार्ता

कुनै व्यक्तिको विचार वा दृष्टिकोण बुझ्न आपसमा गरिने विशेष कुराकानी वा संवाद अन्तरवार्ता हो । प्रस्तुत शोधकार्यमा अन्तरक्रिया सम्बन्धी जानकारी प्राप्त गर्नका लागि यसलाई उपयुक्त मानिन्छ । अन्तरक्रिया सम्बन्धी जानकारी लिन अन्तरवार्ताले विशेष भूमिका खेल्ने हुँदा यसलाई उल्लेखनीय मानिन्छ ।

#### घ. पूर्वपरीक्षण

प्रस्तुत शोधकार्यका उद्देश्य पूरा गर्नका लागि स्वयम् शोधकर्ता प्रतिनिधि नमुना स्थलमा गएको छ र कक्षा अवलोकन फाराम र प्रश्नावलीको उपयोगद्वारा सूचना सङ्कलन गरिएको छ । यस परीक्षण अन्तर्गत प्रतिनिधि नमुना छनोटको २०% जनसङ्ख्यामा पूर्वपरीक्षण गरिएको छ ।

**ङ. अन्तिम परीक्षण तथा परिमार्जन**

विज्ञहरूको सुझाव अनुसार निमार्ण र मानकीकरण गरिएको छ । सामग्रीको आवश्यक परिष्कार र परिमार्जन गरी अन्तिम परीक्षणका लागि तयार पारिएको छ ।

**च. व्याख्या विश्लेषण तथा प्रस्तुतीकरण**

प्रस्तुत शोध अध्ययनमा प्राथामिक र द्‌वितीयक स्रोतबाट प्राप्त तथ्यहरूको प्रयोग गरी प्राप्त विवरण विषय विशेषज्ञद्‌वारा तयार पारिएका पुस्तक र लेखको अध्ययन प्रश्नावलीबाट प्राप्त विवरण आदिलाई विज्ञहरूको सल्लाह र सुझाव अनुसार विश्लेषण र व्याख्या गरिएको छ । प्राप्त तथ्याङ्कका आधारमा उद्देश्य अनुसार विश्लेषणात्मक तथा तुलनात्मक पद्धतिद्‌वारा व्याख्या विश्लेषण गरिएको छ ।

## १.९ अध्ययनको रूपरेखा

अध्याय एक : शोध परिचय

अध्याय दुई : कक्षा अन्तरक्रियाको सैद्धान्तिक परिचय

अध्याय तीन : व्याख्या तथा विश्लेषण

अध्याय चार : समस्या समाधानका लागि सुझाव र निष्कर्ष

# अध्याय दुई

# अन्तरक्रियाको सैद्धान्तिक परिचय

## २.१ अन्तरक्रियाको परिचय र अवधारणा

दुई वा दुईभन्दा बढी व्यक्तिहरू कुनै एक निश्चित विषयमा आवद्ध भई आफ्ना विचारहरू एक आपसमा आदान प्रदान गरी निष्कर्षमा पुग्ने प्रक्रियालाई अन्तरक्रिया भनिन्छ । प्रयोगात्मक नेपाली शब्दकोश २०६१ अनुसार दुई वा दुईभन्दा बढी व्यक्तिहरू बसी एक आपसमा गरिने छलफल, आपसी विचार विमर्श, पारस्परिक सरसल्लाह वा अन्तरसंवादलाई अन्तरक्रिया भनिन्छ ।

शिक्षण र सिकाइको अध्ययन ढाँचालाई लिने र दिने प्रक्रियालाई अन्तरक्रिया भनिन्छ । कक्षाकोठामा शिक्षक र विद्यार्थीबीच वा विद्यार्थी विद्यार्थीबीच अन्तरक्रिया हुने गर्दछ । यसमा शिक्षक र विद्यार्थीको भूमिका सम्बन्धमा यकिन गर्न शिक्षक र विद्यार्थीका सहभागिता केलाउनु पर्ने हुन्छ । अन्तरक्रियाबाट आफ्ना भावना वा विचारहरू अरु समक्ष पुग्ने र अरुका भावना वा विचारहरू आफू समक्ष आउने भएकाले यसमा सहभागी दुवैलाई फाइदा पुग्ने हुन्छ । अन्तरक्रियामा सहभागी हुने अवसरबाट व्यक्तिमा सहयोगी भावनाको विकास हुन गई व्यक्तित्व विकासमा पनि सहयोग पुग्दछ ।

अन्तरक्रियालाई अक्सफोर्ड एडभान्स लर्नर्स डिक्सनरीमा गणना गर्न नसकिने भाववाचक नाम अन्तर्गत राखिएको छ । यसमा कसैसँग कुनै विषय वा परिस्थितिको बारेमा गरिने छलफल वा कुराकानीलाई अन्तरक्रिया भनेर सङ्केत गरिएको छ । यसरी अन्तरक्रियालाई एक आपसमा ज्ञान, अनुभव, विचार आदि साटासाट गर्ने सहज प्रक्रियाका रूपमा लिन सकिन्छ ।

## २.२ कक्षाकोठामा अन्तरक्रिया

शिक्षकले आफ्ना विद्यार्थीहरूलाई शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने व्यवस्थित स्थान कक्षाकोठा हो । कक्षामा शिक्षक र विद्यार्थीबीच पर्याप्त मात्रामा अन्तरक्रिया वा छलफल हुनु आवश्यक छ । अन्तरक्रियाको माध्यमबाट विद्यार्थीका अन्तर्निहित भावनाहरू प्रस्फुटन भई सहज रूपमा ज्ञान, सिप र अनुभवहरू प्राप्त गर्न सजिलो हुन्छ ।

नेपालको सन्दर्भमा हेर्ने हो भने शिक्षक कक्षाकोठामा प्रवेश गरेपछि चक, डस्टर र कालोपाटीमा केन्द्रित भएर शिक्षक आफैं सक्रिय रहेको अवस्था पाइन्छ । धेरै जसो विद्यालयहरूमा व्याख्यान विधिको मात्र प्रयोग गरी नेपाली भाषा शिक्षण गरेको देखिन्छ । सामान्यतः कक्षाकोठामा निम्नानुसार अन्तरक्रिया हुने गर्दछ ।

### २.२.१ शिक्षक विद्यार्थी बीचको अन्तरक्रिया

आफ्नो ज्ञान, अनुभव र विचारहरू शिक्षकले विद्यार्थीलाई दिने र विद्यार्थीले पनि शिक्षकले दिएको ज्ञान, अनुभव र विचारहरू लिने क्रममा एक आपसमा अन्तरक्रियाको प्रक्रिया सञ्चालन हुन्छ । शिक्षकले आफ्नो ज्ञान र अनुभव दिने क्रममा विद्यार्थीबाट पनि उसको अभिरुचि र पूर्वज्ञानको बारेमा बुझ्नु पर्ने हुन्छ । अन्तरक्रिया बिना शिक्षक र विद्यार्थीबीच सहज वातावरण सिर्जना हुन सक्दैन । शिक्षकले कक्षाकोठामा विद्यार्थीसँग अन्तरक्रियाको प्रक्रिया सञ्चालन गर्दा कक्षाका सम्पूर्ण विद्यार्थीहरूलाई समान अवसर प्रदान गर्नुपर्दछ । कक्षाकोठामा जान्ने नजान्ने, मेहनती, अल्छी, लाज मान्ने नमान्ने विभिन्न स्वभावका विद्यार्थीहरू रहेका हुन्छन् । यी सम्पूर्ण विद्यार्थीहरूलाई अन्तरक्रियामा सहभागी गराउन सकेको खण्डमा मात्र कक्षाकोठामा सहज रूपमा समान रूपले शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन हुन सक्छ ।

कक्षाकोठामा विद्यार्थीलाई ज्ञान आर्जन गर्न अग्रसर बनाइन्छ । त्यसैले अन्तरक्रियाको माध्यमबाट उनीहरूको पूर्वज्ञान र अनुभवको पहिचान गरी जिज्ञासाको माध्यमले थप ज्ञान, सिप शिक्षकले प्रदान गर्नुपर्दछ । शिक्षक र विद्यार्थीबीच जति धेरै

अन्तरक्रिया हुन सक्यो त्यति कक्षाकोठाको वातावरण सहज भई शिक्षण प्रभावकारी बन्न पुग्दछ ।

### २.२.२ विद्यार्थी विद्यार्थीबीच अन्तरक्रिया

कक्षाकोठामा विभिन्न सामाजिक तथा भाषिक पृष्ठभूमिबाट आएका विद्यार्थीहरू रहेका हुन्छन् । ती मध्ये कुनै विद्यार्थी भाषिक व्यवहारमा सक्षम र प्रभावशाली रहेका हुन्छन् भने कुनै भाषिक व्यवहारमा कमजोर वा कम प्रतिभा भएका हुन्छन् । नेपाल एउटा बहुभाषिक मुलुक भएकाले नेपाली भाषा शिक्षण गर्ने क्रममा कसैले पहिलो भाषाका रूपमा नेपाली भाषा अध्ययन गरिरहेका हुन्छन भने कसैले दोस्रो भाषाका रूपमा नेपाली भाषाको अध्ययन गरिरहेका हुन्छन् । कक्षामा यो सम्पूर्ण विद्यार्थीबीच अन्तरक्रिया गराउन आवश्यक छ । यसो गरेमा मात्र ती विविध भाषिक पृष्ठभूमिबाट आएका विद्यार्थीहरूले समान रूपमा सिकाइ उपलब्धि हासिल गर्न सक्दछन् । कक्षाकोठामा विभिन्न पृष्ठभूमि र रुचि भएका विद्यार्थीहरूको पहिचान र छनोट गरी तिनीहरूका रुचि क्षमताका आधारमा समूह-समूहमा विभाजन गरी अन्तरक्रियामा सहभागी गराउनु पर्दछ । यसो गरेमा एक अर्काका विचारका साथै ज्ञान र अनुभवहरू आदान प्रदान भई सिकाइ प्रभावकारी बन्छ ।

विभिन्न क्षमता र भाषिक पृष्ठभूमिका विद्यार्थीहरूलाई कक्षाकोठामा एक आपसमा अन्तरक्रिया गराएबाट उनीहरूमा आपसी समझदारी, मेलमिलाप र नेतृत्वदायी क्षमताको समेत विकास हुन गई सिकाइ सहज र प्रभावकारी बन्न पुग्दछ । अन्तरक्रियाबाट आफ्ना कमी कमजोरी पत्ता लगाई आफैं सुधार गर्ने मौका समेत प्राप्त गर्दछन् । त्यसबाट उनीहरूलाई सामाजिकीकरणमा समेत सघाउ पुग्दछ ।

### २.२.३ विद्यार्थी र शैक्षिक सामग्रीबीच अन्तरक्रिया

शिक्षण सिकाइलाई सहज र प्रभावकारी बनाउन तथा विद्यार्थीको रुचि जागृत गराउन कक्षाकोठामा प्रयोग गरिएका शैक्षिक सामग्रीप्रति पनि अन्तरक्रिया हुन आवश्यक छ । विषय र पाठ्यांशसँग मिल्दोजुल्दो पत्रपत्रिका, चित्र, तालिका,

वाक्यपत्ती, विद्युतीय उपकरण जस्तैः कम्प्युटर, टेपरेकर्डर आदि शैक्षिक सामग्रीहरू कक्षाकोठामा प्रयोग गर्न सकिन्छ । यस्ता विषय सन्दर्भसँग मिल्ने शैक्षिक सामग्रीबाट विद्यार्थीको बौद्धिक क्षमता बढ्नुका साथै हरेक कुरालाई ध्यान दिएर हेर्ने, सुन्ने बानीको विकास हुन जान्छ जसले गर्दा कक्षाकोठामा विद्यार्थीलाई अन्तरक्रियामा सहभागी हुन मद्धत मिल्छ ।

विभिन्न शैक्षिक सामग्रीले बालबालिकाको शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी बनाउने भएकाले यस्ता शैक्षिक सामग्रीको धेरै मात्रामा प्रयोग गर्नुपर्दछ । यस्ता शैक्षिक सामग्रीहरूमा टेपरेकर्डर, टेलिभिजन, कम्प्युटर, फ्लासबोर्ड आदि नै बढी उपयोगी हुने गर्दछन् । यस्ता सामग्रीको प्रयोग गर्दा बालबालिका पनि बढी रुचिकर हुने भएकाले छिटो र प्रभावकारी सिकाइका लागि यस्ता शैक्षिक सामग्री उपयोगी हुने गर्दछन् ।

## २.३ नेपाली भाषाशिक्षणमा अन्तरक्रियाको प्रयोजन

भाषा सम्पूर्ण मानव जातिको साझा सम्पत्ति हो । संसारमा भाषा धेरै छन् । नेपालमा नेपाली भाषा साझा सम्पर्कको भाषा हो, जसबाट विचारको विनिमय हुन्छ । २०६३ सालको अन्तरिम संविधानले नेपालमा बोलिने सम्पूर्ण भाषालाई राष्ट्र भाषा बनाएता पनि आधाभन्दा धेरै जनसङ्ख्याले मातृभाषाका रूपमा र सम्पूर्ण नेपालीले सम्पर्क भाषाका रूपमा नेपाली भाषा बोल्ने गर्दछन् । मातृभाषा बालकले पैत्रिक सम्पत्ति जस्तो सहज रूपमा सिक्दछ भने दोस्रो भाषा आर्जनका लागि समय र परिश्रमको आवश्यकता पर्दछ । नेपालका सम्पूर्ण विद्यालयहरूमा नेपाली भाषाको अध्ययन अध्यापन अनिवार्य विषयको रूपमा हुन्छ । भाषा शिक्षणका लागि कक्षाकोठामा प्रस्शस्त मात्रामा शिक्षक-विद्यार्थी तथा विद्यार्थी-विद्यार्थी अन्तरक्रिया गराउनु पर्ने हुन्छ ।

नेपाल एक बहुभाषिक बहुजातीय तथा बहुसांस्कृतिक विविधताले भरिएको मुलुक हुनाले विभिन्न भाषिक, सांस्कृतिक, आर्थिक र जातीय पृष्ठभूमिबाट विद्यार्थीहरू

अध्ययनका लागि आएका हुन्छन् । यसरी विभिन्न पृष्ठभूमिबाट आएका विद्यार्थीलाई एउटै कक्षाकोठामा राखी नेपाली भाषा शिक्षण गर्नुपर्ने हुन्छ । यसका लागि अन्तरक्रियाको माध्यमबाट ती प्रत्येक विद्यार्थीको भाषिक क्षमता पत्ता लगाई सुनाइ, बोलाइ, पढाइ, लेखाइ सीपको विकास गर्न अग्रसर गराउनु पर्दछ । विविध भाषिक क्षमता भएका विद्यार्थीहरूलाई पहिचान गरी सामूहिक वा व्यक्तिगत रूपमा अन्तरक्रिया सञ्चालन गर्नुपर्ने हुन्छ । यसरी नेपाली भाषा शिक्षणको क्रममा अन्तरक्रियाको माध्यमबाट विद्यार्थीमा निहित भाषिक सिपलाई प्रस्फुटन गराउनु पर्दछ । अन्तरक्रियाको माध्यमबाट विद्यार्थीको रुचि, भाषिक पृष्ठभूमि र क्षमता तथा पूर्वज्ञान आदिको पहिचान गरी नेपाली भाषा शिक्षण कार्य सञ्चालन गर्नुपर्दछ । त्यसैले नेपाली भाषा शिक्षणमा अन्तरक्रिया प्रक्रियाको महत्व अति नै रहेको छ ।

## २.४ कक्षा दुईको नेपाली भाषा शिक्षण सिकाइमा अन्तरक्रियाको प्रयोजन

कक्षा दुईमा विशेषगरी ७-१० उमेर समुहका विद्यार्थीहरू अध्ययन गर्नका लागि उपस्थित हुन्छन् । यो अवस्थाका बालबालिकाहरू कोही अन्तरमुखी प्रवृत्ति त कोही बहिर्मुखी प्रवृत्तिका हुन्छन् । यस्ता विभिन्न प्रवृत्तिका बालबालिकाहरूलाई सीमित समयावधिमा विभिन्न ज्ञानहरू प्रदान गर्नुपर्ने हुन्छ । यस उमेर समूहका विद्यार्थीहरू आफ्नो मातृभाषाबाट र भाषिकाबाट टाढा भइसकेका हुँदैनन् । उनीहरूलाई विशेष गरी शब्दभण्डारसँग सम्बन्धित क्रियाकलापमा अग्रसर गराउँदै लैजानु पर्दछ, जसले गर्दा बालबालिकामा शब्दभण्डारका साथै नेपाली भाषाको प्रयोग बढ्दछ । वर्तमान नेपाली भाषा पाठ्यक्रमले भाषा शिक्षण भाषिक ज्ञानका लागि मात्र नभई भाषिक सिप शिक्षणमा महत्वपूर्ण योगदान दिएको पाइन्छ । सुनाइ, बोलाइ, पढाइ, लेखाइ भाषाका सिपहरूले फरक-फरक उद्देश्य किटान गरेका छन् । पाठ्यपुस्तकमा समाविष्ट विभिन्न विधाका पाठ्यवस्तुले ती उद्देश्य विद्यार्थीमा हासिल गराउनु पर्ने प्रयोजन रहेको छ । उक्त उद्देश्य विद्यार्थीमा पूरा गराउन नेपाली भाषा शिक्षण सिकाइमा शिक्षक विद्यार्थी अन्तरक्रियाको माध्यमबाट सम्भव छ ।

यसरी कक्षा २ का विद्यार्थीलाई उनीहरूको मनोवैज्ञानिक पक्षलाई ख्याल गरी अन्तरक्रियाका माध्यमबाट थप शब्दभण्डारको वृद्धि गराउदै अन्य भाषिक क्रियाकलापतर्फ अग्रसर गराउनु पर्दछ । तसर्थ यस तहमा नेपाली भाषा शिक्षण सिकाइ गर्दा अन्तरक्रिया विधि र प्रक्रियाको धेरै महत्व छ ।

## २.५ अन्तरक्रियाका प्रकारहरू

अन्तरक्रिया सामान्यतया तीन प्रकारका रहेका छन् ।


क) व्यक्ति-व्यक्तिबीच हुने अन्तरक्रिया

ख) व्यक्ति-समूहबीच हुने अन्तरक्रिया

ग) समूह-समूहबीच हुने अन्तरक्रिया

(विष्णु प्रसाद अधिकारी र आनन्द पौड्याल (२०६५), शिक्षाशास्त्र र नेपालमा शिक्षा)

व्यक्ति-व्यक्तिबीचको अन्तरक्रियालाई प्राथमिकचरणको अन्तरक्रिया, व्यक्ति समूहबीच हुने अन्तरक्रियालाई दोश्रो चरणको अन्तरक्रिया र समूह-समूहबीच हुने अन्तरक्रियालाई तेस्रो चरणको अन्तरक्रिया भनि व्याख्या गरेको पाइन्छ । अन्तरक्रियाका सम्बन्धमा तलको चित्र हेरौं ।



**क) व्यक्ति- व्यक्तिबीचको अन्तरक्रिया**

किन ?
सम्बन्ध विस्तार गर्न
ज्ञानको क्षेत्र बढाउन
सामूहिक भूमिका पहिचान गर्न
अस्तित्व कायम गर्न

कसरी ?
समूहको सदस्य बनेर
समूह कार्यमा सामेल भएर
सामूहिक समस्या प्रस्तुत गरेर

व्यक्ति र समूह बीचको अन्तरक्रिया

को सँग ?
स्थानीय समुदाय
सामाजिक संघसंस्था
विद्यालय
धार्मिक संघसंस्था

**ख) व्यक्ति र समुहबीचको अन्तरक्रिया**

कसरी ?
कार्यगत सञ्जाल विकास गरेर
संयुक्त कार्यक्रम सञ्चालन गरेर
) सकरात्मक सम्बन्ध स्थापित गरेर

समूह-समूहबीचको अन्तरक्रिया

किन ?
समूह-समूहका ठूला समस्या हल गर्न
एक समूहको समस्यामा अर्को समूहको संलग्नता बढाउन
समाजको समग्र विकास गर्न
सञ्चार माध्यम

को सँग ?
राष्ट्रिय समुह
अर्को समाजको सामाजिक संघसंस्था
समाजमा कार्यरत विभिन्न संघसंस्था
सञ्चार माध्यम

**ग) समूह-समूहबीचको अन्तरक्रिया**

(क) व्यक्तिगत विकास र सामाजिक विकासका निम्ति सामाजिक अन्तरक्रिया आवश्यक हुन्छ ।

(ख) व्यक्ति-व्यक्ति, समूह-समूहबीच ज्ञान प्राप्त गर्न, समस्या हल गर्न एक आपसमा सम्बन्ध स्थापित गरी कुराकानी छलफल, संवाद आदि गर्नु सामाजिक अन्तरक्रिया हो ।

(ग) सामाजिक अन्तरक्रियाका माध्यमबाट धेरै समस्याहरू हल गर्न सकिन्छ ।

(घ) व्यवस्थापन आत्मसातकरण, सहयोग द्वन्द्व व्यवस्थापन अनुभव आदानप्रदान आदि सामाजिक अन्तरक्रिया प्रक्रियामा आउने गर्दछन् ।

## २.६ अन्तरक्रियामा ध्यान दिनुपर्ने कुराहरू

कक्षाकोठामा अन्तरक्रिया गर्दा निम्न कुराहरूमा ध्यान दिनुपर्दछ :

(क) विषयवस्तुमा आधारित भएर अन्तरक्रिया गर्ने ।

(ख) पाठको उद्देश्य अनुरूप शिक्षण क्रम अनुसार दोहोरो अन्तरक्रिया सञ्चालन गर्ने ।

(ग) सबै विद्यार्थीहरूलाई समेट्ने गरी अन्तरक्रिया गर्ने ।

(घ) विद्यार्थी - विद्यार्थीबीच समूह विभाजन गरी अन्तरक्रिया गर्न लगाउने ।

(ङ) अन्तरक्रियाबाट प्राप्त निष्कर्ष स्पष्ट उद्देश्य अनुरूप हुनुपर्ने ।

## २.७. अन्तरक्रियाका फाइदाहरू

कक्षाकोठामा अन्तरक्रियाका फाइदाहरू निम्नानुसार देखाउन सकिन्छ :

(क) अन्तरक्रियाको माध्यमबाट शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी बन्न गई सहज रूपमा सिकाइ हुन्छ ।

(ख) शिक्षक र विद्यार्थीबीचको सम्बन्ध सुमधुर हुन्छ ।

(ग) विद्यार्थीको शैक्षिक मात्र नभई बौद्धिक, संवेगात्मक एवं शारीरिक पक्षको विकासमा समेत सहयोग पुग्दछ ।

(घ) शिक्षक र विद्यार्थीलाई आत्ममूल्याङ्कन गर्ने अवसर दिन्छ ।

(ङ ) रचनात्मक ढङ्गले सिर्जनशीलता र तार्किक क्षमताको विकास गर्न सकिन्छ ।

(च) अन्तरक्रियाबाट सिकेका कुरा चिर स्थायी हुन्छ ।

(छ) सामूहिक रूपमा समस्याको सामधान गर्न सकिन्छ ।

(ज) अन्तरक्रियाले विद्यार्थीमा उत्तरदायित्व र जिम्मेवारी बोध गराउन सकिन्छ ।

(झ) एक आपसमा भावना र विचारको आदन प्रदान हुनाले अन्तरक्रियाबाट शिक्षक विद्यार्थी दुवै पक्षलाई फाइदा पुग्दछ ।

## २.८ अन्तरक्रियामा प्रभावकारीता ल्याउने तरीकाहरू

अन्तरक्रियामा प्रभावकारीता ल्याउन निम्नानुसार उपायहरू अपनाउन सकिन्छ :

(क) विद्यार्थीहरूलाई आत्मविश्वासी एवं मित्रवत् व्यवहार गर्ने ।

(ख) अन्तरक्रियाका लागि विद्यार्थीलाई विषयवस्तुतिर केन्द्रित गर्ने ।

(ग) विद्यार्थीहरूलाई व्यक्तिगत रूपमा र स-साना समूहमा विभाजन गरी अन्तरक्रियामा सहभागी गराउने ।

(घ) विद्यार्थीहरूको मनोवैज्ञानीक पक्षको ख्याल गर्ने ।

(ङ) मैत्रीपूर्ण सिकाइ वातावरणको सिर्जना गर्ने ।

(च) आवश्यकता अनुसार उत्प्रेरणा, पुर्नबल, पृष्ठपोषण प्रदान गर्ने ।

(छ) कक्षाकोठामा सम्पूर्ण छात्रछात्राहरूलाई अन्तरक्रियामा सहभागी गराउने ।

(ज) सामूहिक निर्णय प्रक्रियामा जोड दिने ।

(झ) सिर्जनात्मक क्षमताको कदर गर्ने ।

(ञ) सकारात्मक धारणाको विकास गर्ने ।

(ट) अन्तरक्रियाबाट प्राप्त निष्कर्षलाई आधार मानेर समस्या सामाधान गर्न लगाउने ।

## २.९ अन्तरक्रियाको सही प्रयोग

शिक्षण सिकाइ प्रक्रिया सञ्चालन गर्न कक्षाकोठामा अन्तरक्रिया अति नै आवश्यक छ तर यसको सही प्रयोग हुन नसक्दा विभिन्न समस्याहरू आउन सक्छन् । अन्तरक्रियाका लागि विषयवस्तु र आवश्यक पर्ने शैक्षिक सामग्रीहरू उपलब्ध गराइनु पर्दछ । अन्तरक्रिया गर्दा भरसक आमने सामने पर्ने गरी गोलमेच गरेर बस्ने व्यवस्था मिलाइसकेको हुनुपर्दछ । अवलोकनकर्ताले सही तरिकाले मुल्याङ्कन गर्न मिल्ने गरी अन्तरक्रिया सञ्चालन गर्नुपर्दछ । अन्तरक्रियामा भाग लिन सम्पूर्ण विद्यार्थीहरूलाई उत्साहित गर्ने वातावरण सिर्जना गर्नुपर्दछ । विषयवस्तु वा समस्याका बारेमा अगाडि नै जानकारी दिनुपर्दछ ।

यसरी अन्तरक्रिया सरल, सहज सबै विद्यार्थीलाई समेट्न सकिने खालको हुनु उपयुक्त हुन्छ ।

## २.१० सारांश

कुनै पनि विषयमा दुई वा दुईभन्दा बढी व्यक्तिहरूबीच एक आपसमा छलफल गरी विचार विमर्शबाट निष्कर्षमा पुग्ने प्रक्रियालाई अन्तरक्रिया भनिन्छ । कक्षाकोठामा शिक्षक विद्यार्थीबीच, विद्यार्थी विद्यार्थीबीच, विद्यार्थी र शैक्षिक सामग्रीबीच अन्तरक्रिया गराउन सकिन्छ । व्यक्तिगत विकास र सामाजिक विकासका बीच पनि अन्तरक्रिया हुन्छ ।

# अध्याय तीन

# व्याख्या तथा विश्लेषण

तथ्याङ्कको व्याख्या तथा विश्लेषण गर्दा कक्षा अवलोकनका क्रममा उपयोग गरिएको कक्षा अवलोकन फारामलाई आधार मानेर गरिएको छ जसमा कक्षा प्रारम्भदेखि कक्षा समापन सम्मका अवधिमा भएका विभिन्न क्रियाकपाललाई आधार मानिएको छ । जस्तैः कक्षा प्रारम्भ, प्रयोग गरिएका शैक्षिक सामग्री, शिक्षक सहभागिता, विद्यार्थी सहभागिता, शिक्षक-विद्यार्थी अन्तरक्रिया, विद्यार्थी-विद्यार्थी अन्तरक्रिया, कक्षाभित्र गराइएका पाठ्यवस्तु अनुरूप क्रियाकलाप प्रयोग गरिएका भाषिक सिप, समयावधि, कक्षा मनोरञ्जन, शिक्षण क्रम र कक्षा समापन रहेका छन् ।

## ३.१ कक्षा अवलोकनबाट प्राप्त तथ्यको विश्लेषण र व्याख्या

तथ्य सङ्कलनका क्रममा कक्षा अवलोकन फारामको माध्यमले झापा जिल्लाका कक्षा २ का ६ वटा विद्यालयमा प्रत्येकको तीन पटकका दरले जम्मा १८ पटक कक्षा अवलोकन गरिएको छ । कक्षा अवलोकन फाराम अनुसार प्रत्येक पक्षको व्याख्या एवम् विश्लेषण निम्नानुसार गरिएको छ । यसमा नमूनाका लागि छनोट गरिएका विद्यालय सूची परिशिष्टमा राखिएको छ ।

### ३.१.१ कक्षा प्रारम्भ

कक्षाकोठामा प्रवेश पश्चात शिक्षकले विभिन्न तरिकाले विद्यार्थीको ध्यान आकर्षण गर्दै पाठको सुरुवात गर्ने गर्दछन् । अध्ययनको क्रममा १८ वटा कक्षा अवलोकन मध्ये ९ वटा कक्षा ढिलो प्रारम्भ भएको पाइयो । कक्षा २ मा नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरूमध्ये तालिम प्राप्त शिक्षकको कक्षा प्रारम्भ उत्साहपूर्ण वा उत्तम र तालिम अप्राप्त शिक्षकहरूको कक्षा प्रारम्भमा अझै सुधार गर्नुपर्ने देखिन्छ । पाठको सुरुवात प्रत्येक कक्षामा पूर्वपाठमा आधारितबाट भएको पाइयो । कक्षा कोठाको आकार र फर्निचरको व्यवस्थापनमा अझै सुधार गर्नुपर्ने देखिएको छ । केही

कक्षाहरूमा पाठयोजना निर्माण भए पनि धेरैमा दैनिक पाठयोजना बिना अध्यापन गरिएको पाइयो । तसर्थ सम्पूर्ण शिक्षक शिक्षिकाहरूले दैनिक पाठयोजना निर्माण गरी कक्षाकोठामा प्रवेश गरेमा योजनावद्ध र प्रभावकारी हुने देखिन्छ ।

### ३.१.२ शैक्षिक सामग्रीको प्रयोग

शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउनका लागि शैक्षिक सामग्रीको रूपमा सबै कक्षाहरूमा चक, डस्टर, कालोपाटी जस्ता दैनिक प्रयोगका सामाग्री नै बढी प्रयोग भएको देखिन्छ । शिक्षक आफैंले निर्माण नगरेर वा विद्यालयले पनि कतिपय सामग्रीको अभाव देखाएर अन्य प्रभावकारी सामग्रीको प्रयोग न्यून रूपमा भएको देखिन्छ । कक्षा २ मा नेपाली शिक्षण गर्दा अति आवश्यक देखिने गोजी तालिकाको प्रयोग केही विद्यालयमा नभएको पाइयो । शब्दार्थ शिक्षण गर्दा केही कक्षामा शब्दपत्ती र अर्थ वा वाक्यपत्तीहरू प्रयोग गरिएको पाइन्छ । चित्र वा तालिकाहरू पुस्तकको मात्र देखाइएको पाइयो । यस्ता चित्र वा तालिकाहरू अन्य स्रोतबाट खोजेर र आफैंले निर्माण गरेका शैक्षिक सामग्रीहरूको प्रयोग कक्षामा गर्दा सिकाइ अझ रुचिपूर्ण बन्ने देखिन्छ । तर त्यसो गरेको पाइएन ।

### ३.१.३ शिक्षण विधि

शिक्षकले विद्यार्थीलाई शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा विभिन्न शिक्षण विधिहरूको प्रयोग गर्नुपर्ने हुन्छ । पाठको प्रकृति अनुसार फरक - फरक किसिमका शिक्षण विधिको प्रयोग गरिनु पर्ने हुन्छ । अवलोकन गरिएका कक्षाहरूमा प्रायः जसो परम्परागत शिक्षा प्रणालीमा रहेको व्याख्यान विधिको बढी प्रयोग भएको पाइन्छ । व्याख्यान विधिबाट शिक्षक मात्र कक्षाकोठामा सक्रिय भई एकोहोरो रूपमा बोलिरहेकाले विद्यार्थीका प्रतिभा क्षमता विकास हुन नसकेको अवस्था पाइयो । अन्तरक्रियात्मक विधिका रूपमा छलफल, प्रश्नोतर विधिको केही प्रयोग भएको पाइयो । समस्या समाधान, भूमिका निर्वाह, खोज जस्ता शिक्षण विधिको प्रयोग कम मात्रामा देखियो । शिक्षक विद्यार्थी अन्तरक्रियाका लागि व्याख्यान विधिभन्दा प्रश्नोत्तर,

छलफल, समस्या समाधान, खोजजस्ता विधिहरूको माध्यमबाट विद्यार्थीलाई अन्तरक्रियामा सहभागी गराउनुपर्ने देखिन्छ ।

### ३.१.४ शिक्षक विद्यार्थी सहभागिता

यस अध्ययनको प्रमूख कार्य भनेको शिक्षक विद्यार्थी सहभागिताको बारेमा खोजी गर्नु रहेको छ । कक्षाकोठामा शिक्षक पूरा समयको ६५% समय बोलेको पाइन्छ । यस मध्ये ३२% पाठ्यवस्तु पढाउँदा, १०% शैक्षिक सामग्री देखाउँदा, २३% गृहकार्य हेर्दा लागेको पाइन्छ । विद्यार्थीहरूले जम्मा समय मध्ये ३५% बोलेको पाइन्छ । उसमा पनि जम्मा समयको १९% जान्ने विद्यार्थीले मात्र, १०% समय अगाडि बसेका विद्यार्थीले मात्र बोल्ने गरेको पाइयो । कमजोर तथा अन्य विद्यार्थीहरूले जम्मा ६% प्रतिशत समय मात्र प्राप्त गरेका छन् ।

समग्रमा कक्षा शिक्षणमा शिक्षकले बढी समय लिएको पाइयो । शिक्षकले बोल्ने समयको आधा जति समय मात्र विद्यार्थीले बोल्ने अवसर पाएको देखियो । यसको कारण शिक्षकले प्रश्न र अन्तरक्रिया गर्दा जान्ने विद्यार्थी र अगाडि बसेका विद्यार्थीलाई मात्र बढी जोड दिएको पाइन्छ । वास्तवमा शिक्षण क्रियाकलापमा कमजोर र पछाडि बस्ने विद्यार्थी बढीभन्दा बढी प्रश्नोत्तर एवम् अन्तरक्रियामा सहभागी गराउनुपर्ने देखिन्छ ।

### ३.१.५ शिक्षक विद्यार्थी अन्तरक्रिया

यस अध्ययनको उद्देश्य अन्तर्गत शिक्षक विद्यार्थी अन्तरक्रियाको प्रकृति अध्ययन गर्नु रहेकाले यसलाई महत्वपूर्ण रूपमा लिइएको छ । अवलोकन गरिएका १८ ओटा कक्षा मध्ये ३६.५% कक्षामा शिक्षक विद्यार्थीबीच व्यक्तिगत अन्तरक्रिया सञ्चालन भएको पाइन्छ । त्यसै गरी २०.५% कक्षामा शिक्षक-विद्यार्थीबीच सामूहिक अन्तरक्रिया भएको र बाँकी ४३% कक्षामा शिक्षकले मात्र गरेको एकोहोरो अन्तरक्रिया पाइन्छ । यसबाट शिक्षण क्रियाकलापमा शिक्षकको सक्रियता देखिन्छ । विद्यार्थी-विद्यार्थीबीचको अन्तरक्रियाको सम्बन्धमा जम्मा कक्षा मध्ये १०% कक्षामा व्यक्तिगत

रूपमा अन्तरक्रिया गराइएको पाइन्छ । त्यसै गरी १५.५% कक्षामा विद्यार्थीलाई सामूहिक अन्तरक्रियामा सहभागी गराएको देखिन्छ भने ३३.५% कक्षामा विद्यार्थीलाई एकोहोरो तरिकाले पनि अन्तरक्रियामा सहभागी गराएको पाइन्छ । अन्य ४१.०% कक्षामा भने विद्यार्थी-विद्यार्थीबीच अन्तरक्रिया नै सञ्चालन नगरिएको पाइन्छ ।

यस तथ्यको विश्लेषणबाट कक्षाकोठामा शिक्षक र विद्यार्थीबीच अन्तरक्रिया त हुन्छ नै तर शिक्षक मात्र पढाउन व्यस्त रहने एकोहोरो अन्तरक्रिया बढिरहेको देखिन्छ । विद्यार्थी-विद्यार्थीबीच पनि विभिन्न अन्तरक्रिया गराएर उनीहरूमा भावना, ज्ञान, सिप र अनुभव आदान-प्रदान गर्नुपर्ने हुन्छ । तर धेरै जसो कक्षामा विद्यार्थी-विद्यार्थीबीचमा अन्तरक्रिया नै गराइएको पाइएन । केही कक्षाहरूमा पहिलो कक्षा अवलोकन भन्दा दोश्रो कक्षा अवलोकनमा मात्र विद्यार्थीबीच केही अन्तरक्रिया गराइएको पाइन्छ ।

### ३.१.६ पाठ्यवस्तु र कार्यकलापको तालमेल

प्रस्तुत अध्ययनको मुख्य उद्देश्य पाठ्यवस्तु र कार्यकलापको तालमेल पत्ता लगाउनु पनि हो । कक्षामा पाठ्यवस्तु अनुरूप शिक्षण क्रियाकलाप भए नभएको बारेमा अध्ययन गर्न केही अन्तरक्रियासँग सम्बन्धित बुँदाहरू यसमा समेटिएका छन् । नेपाली भाषा शिक्षण कक्षा ७ का नेपाली पाठ्यपुस्तकमा कविता, कथा, निबन्ध, संवाद, जीवनी, वादविवाद, चिठी आदि विद्याहरू र व्याकरणलाई समावेश गरिएको पाइन्छ । अवलोकन गरिएका कक्षामा दैनिक पाठयोजना निर्माण गरी सिकाई क्रियाकलाप गर्ने कक्षा मध्ये ५ र पाठयोजना तयार नगरे पनि मानसिक रूपले तयारी रहेकालाई आधार मान्दा ९ कक्षा उत्तम, २ कक्षा मध्यम र ३ कक्षाले निम्न तयारी गरेको देखिन्छ । यसै गरी प्रश्नोत्तरका क्रममा आएका उत्तरलाई प्रोत्साहन गर्दै त्यसैमा अर्को विद्यार्थीलाई थप प्रष्ट पार्न लगाएको पाइन्छ । केही कक्षामा सम्पूर्ण विद्यार्थीलाई अन्तरक्रियामा सहभागी गराएको पाइन्छ ।

संवाद शिक्षण गर्दा विद्यार्थीलाई नै पात्र बनाई संवाद अध्ययन गराएको र मूल उद्देश्य प्रष्ट पारेको तथा व्याकरणात्मक पक्षको शिक्षण गर्दा विद्यार्थीलाई बोल्न प्रोत्साहन गरेको भएता पनि संवाद, कथा, जीवनी अध्यापन गर्दा विद्यार्थी भन्दा शिक्षक नै बढी बोलेको पाइन्छ ।

## ३.२ कक्षाभित्र गरिएका क्रियाकलाप

कक्षाभित्र गरिएका क्रियाकलाप एकै कक्षामा पनि फरक-फरक ढङ्गका हुने भएता पनि कक्षा अवलोकनका क्रममा बढी उपयोग गरिएका क्रियाकलापलाई आधार मानिएको छ जस अनुसार जम्मा कक्षा मध्ये ३ वटा कक्षामा छलफल, ६ वटा कक्षामा व्याख्यान, ३ वटा कक्षामा सस्वर पठन, २ वटा कक्षामा चिठी लेखन र ४ वटा कक्षामा मौन पठन गराएर अभ्यास तथा व्याकरण समेत अध्यापन गराएको देखिन्छ ।

### ३.२.१ कक्षा मनोरञ्जन

कक्षा मनोरञ्जन शिक्षण सिकाइमा विशेष प्रभाव पार्ने र विद्यार्थीको रुचि बढाई सिक्ने क्षमता बढाउने भएकाले यसलाई कक्षा अवलोकनमा समावेश गरिएको हो । यसमा पनि कक्षा २ जस्तो साना बालबालिकाहरू भएको कक्षामा त अझै बढी भूमिका यसले खेलेको हुन्छ । विभिन्न अनुसन्धानले पत्ता लगाए अनुसार बालबालिकालाई डरले भन्दा खुशी अर्थात मनोरञ्जनले चाँडो र प्रभावकारी सिकाइ हुने गर्दछ ।

अवलोकन गरिएका विभिन्न कक्षाहरूमा बालबालिकाहरूलाई विभिन्न तरिकाले मनोरञ्जन सहित अध्यापन गरेको पाइयो । बालबालिकालाई नेपाली भाषा शिक्षण गर्दा कविता जस्तो विधा पढाउदा लयवद्ध तरिकाले सबैलाई एकपछि अर्को गरी वाचन गर्न लगाएर अध्यापन गराएको पाइन्छ । त्यस्तै कथा, प्रवन्ध, निबन्ध जीवनी जस्तो विधामा पनि बालबालिकालाई एकपछि अर्को गर्दै वाचन गर्न लगाएको पाइयो ।

समग्रमा १८ वटा कक्षा अवलोकन गर्दा विधामा मात्र फरक पाइयो तर सबै विद्यालयमा मनोरञ्जन सामान्य तथा उस्तै रहेको पाइयो ।

### ३.२.२ कक्षा समापन

कक्षा अवलोकनका क्रममा १८ कक्षा मध्ये १० कक्षा समापन ठीक समयमा, ५ वटा कक्षा हतारमा र ३ वटा कक्षा ढिलो समापन भएको देखिन्छ । ढिलो समापन भएका कक्षाको समय ५ देखि १० मिनेटसम्म देखिन्छ । १० मिनेटसम्म ढिलो भएको कक्षाको सुरुवात ढिलो भएको देखिन्छ र अन्तिम कक्षा भएकाले पछिल्लो कक्षालाई अवरोध गरेको देखिँदैन । हतारमा समापन हुने कक्षाको शिक्षक ज्ञान धेरै भएता पनि शिक्षण अनुभव कम भएको पाइन्छ ।

## ३.३ प्रश्नावलीबाट प्राप्त तथ्यको विश्लेषण

तथ्य सङ्कलनका क्रममा नमूना छनोटका रूपमा परेका ६ वटा विद्यालयका कक्षा २ का नेपाली विषय अध्यापन गराउने शिक्षक शिक्षिकाहरूलाई प्रश्नावली मार्फत तथ्य सङ्कलन गरिएको छ । प्रश्नावलीमा रेजा लगाउने वस्तुगत मात्र दश प्रश्नहरू समावेश गरिएको थियो । प्रश्नहरू प्रायः जसो शिक्षक विद्यार्थी अन्तरक्रियासँग सम्बन्धित रहेको छ । प्रश्नावली ६ विद्यालयका प्रत्येकलाई एक-एक गरी जम्मा ६ प्रति भरिएको थियो । प्रश्नावलीबाट प्राप्त तथ्यलाई निम्नानुसार देखाउन सकिन्छ ।

(क) जम्मा ६ विषय शिक्षक मध्ये ३ जना तालिम प्राप्त छन भने ३ जना तालिम अप्राप्त छन् ।

(ख) नेपाली भाषा शिक्षण २ जनाले व्याख्यान विधि र २ जनाले प्रश्नोत्तर विधिबाट गरेको पाइन्छ ।

(ग) विद्यार्थी अन्तरक्रिया एक जनाले व्यक्ति - व्यक्तिबीच, २ जनाले समूह-समूहबीच र ३ जनाले कुनै एउटा विद्यार्थीलाई प्रश्न सोधेर अन्तरक्रिया गर्ने गर्दछन् ।

(घ) शिक्षककहरू ४ वटा कक्षामा २१-३० मिनेट बोल्छन भने २ वटा कक्षामा १०-२० मिनेट बोल्छन् ।

(ङ) ६ वटा कक्षा मध्ये ४ जना कक्षा शिक्षकलाई प्रवचन विधि मन पर्दैन र २ जना शिक्षकले आवश्यकता अनुसार प्रयोग गर्ने कुरा बताउछन् ।

(च) व्याकरण निगमनात्मक विधिको प्रयोग गरेर व्याकरणको शिक्षण गरेको पाइन्छ ।

## ३.४ कक्षा अवलोकन र प्रश्नावलीबाट प्राप्त तथ्यको तुलना

प्रश्नावलीबाट प्राप्त तथ्यलाई हेर्दा प्राय जसो शिक्षक शिक्षिकालाई शिक्षक विद्यार्थी अन्तरक्रिया र विद्यार्थी केन्द्रित विधिका बारेमा जानकारी भएको देखिन्छ । उनीहरूको कक्षा अवलोकनबाट प्राप्त तथ्यमा विद्यार्थीलाई अन्तरक्रियामा बढी सहभागी गराएको पाइँदैन । तालिम अप्राप्त र कम अनुभवी शिक्षकलाई मात्र शिक्षक विद्यार्थी अन्तरक्रियाका बारेमा ज्ञान कम भएको देखिन्छ । उनीहरूको कक्षा अवलोकनबाट प्राप्त तथ्यमा विद्यार्थीलाई अन्तरक्रियामा बढी सहभागी गराएको पाइँदैन । तालिम अप्राप्त र कम अनुभवी शिक्षकलाई मात्र शिक्षक विद्यार्थी अन्तरक्रियाका बारेमा ज्ञान कम भएको देखिन्छ । यसरी दुवै तथ्यको तुलना गर्दा शिक्षकको भनाइ र गराइमा फरक रहेको देखिन्छ । विद्यार्थीलाई अन्तरक्रियामा सहभागी गराउनुपर्दछ भन्ने हुँदाहुँदै पनि कक्षा शिक्षणका क्रममा यसतर्फ ध्यान दिएको देखिंदैन । ४ जना शिक्षकलाई प्रवचन विधि मन पर्दैन भनी प्रश्नावली भरेका छन् । तर पनि कक्षा शिक्षणमा प्रमुख रूपमा प्रवचन वा व्याख्या विधि नै अंगालेको पाइन्छ । सबैले कुनै न कुनै तरिकाबाट जस्तै : व्यक्ति-व्यक्ति, समूह-समूह र व्यक्ति समूहका बीच विद्यार्थी अन्तरक्रिया गराउने कुरा प्रश्नावलीमा उल्लेख गरेता पनि कक्षा अवलोकनमा त्यो कार्य गराउन सबै सफल भएका देखिंदैनन् ।

अन्तमा प्रश्नावलीबाट प्राप्त तथ्य र कक्षा अवलोकनबाट प्राप्त तथ्य दुवैको अध्ययन गर्दा कक्षाकोठामा शिक्षक विद्यार्थी अन्तरक्रियाको क्रममा शिक्षक नै बढी सक्रिय रहेका पाइन्छ ।

## ३.५ सारांश

झापा जिल्लाका ६ वटा विद्यालयमा कक्षा २ का शिक्षक-विद्यार्थीहरुसँग अन्तरक्रियाको अध्ययन गर्न कक्षा अवलोकन फारामबाट एउटा विद्यालयमा ३ पटक गरी जम्मा १८ पटक कक्षा अवलोकन गरियो ।

(क) केही कक्षाहरूमा कक्षाकोठा व्यवस्थापनमा कमजोर देखिए पनि कक्षा प्रारम्भ सन्तोषजनक नै देखिन्छ ।

(ख) दैनिक प्रयोगका सामग्री बाहेक अन्य शैक्षिक सामग्रीको प्रयोग हुन सकेको देखिदैन ।

(ग) शिक्षण विधिको रूपमा प्रमुख व्याख्यान विधि र आंशिक रूपमा छलफल तथा प्रश्नोत्तर विधिको मात्र प्रयोग भएको पाइयो ।

(घ) कक्षाकोठामा शिक्षक बढी मात्रामा र विद्यार्थी कम मात्रामा बोल्ने गरेको पाइयो ।

(ङ) प्रश्नोकर छलफल र अन्तरक्रियामा अगाडि बस्ने र जान्ने विद्यार्थी मात्र सहभागी भएको पाइयो ।

(च) नेपाली मातृभाषा नहुने विद्यार्थीले अध्ययनमा त्यति ध्यान नदिएको पाइयो ।

(छ) प्रश्नावलीमा उल्लेख गरे अनुसार शिक्षण क्रियाकलाप सन्तोषजनक देखिएनन् ।

(ज) तालिम प्राप्त शिक्षकको तुलनामा तालिम अप्राप्त शिक्षकले कक्षामा बढी सुधार गर्नुपर्ने देखिन्छ ।

(झ) कक्षा २ का विद्यार्थीहरू उमेर र मानसिक रूपमा अपरिपक्क हुने भएकाले उनीहरूसँग अझ घनिष्ट भई अन्तरक्रिया गर्नु आवश्यक देखिन्छ ।

# अध्याय चार

# समस्या समाधानका लागि सुझाव र निष्कर्ष

एम.एड. दोस्रो वर्षको पाँचौ पत्र "५९८" को प्रयोजनार्थ कक्षा २ का शिक्षक विद्यार्थी अन्तरक्रियाको अध्ययन गर्ने सिलसिलामा झापा जिल्लाको स्थलगत भ्रमण गरी सम्बन्धित विद्यालयका शिक्षक तथा कक्षा २ का विद्यार्थीहरूसँग प्रत्यक्ष सम्पर्क गरियो । यस क्रममा झापा जिल्लाका शनिश्चरे गा.वि.स., अनारमनी गा.वि.स. र पृथ्वीनगर गा.वि.स. का सामुदायिक र संस्थागत विद्यालय गरी ६ वटा विद्यालयमा स्थलगत भ्रमण गरियो । त्यसका लागि कक्षा अवलोकन फाराम भरियो शिक्षकलाई प्रश्नावली भर्न लगाएर शिक्षक-विद्यार्थी अन्तरक्रियाको अध्ययन गरियो ।

कुनै पनि कुरा पूर्णरूपमा दोष रहित बन्न सक्दैन, त्यसलाई सुधारका उपायहरू अवलम्बन गरी हटाउन सकिन्छ । यसै सन्दर्भमा अध्ययन पश्च्यात अध्ययन सम्बन्धी गरिएका विषयवस्तुका सम्बन्धमा विभिन्न सकरात्मक तथा नकरात्मक कुराहरू देखापरेका छन् । जसलाई सुधार गर्न विभिन्न सुधारात्मक उपायहरू अवलम्बन गर्न सकिन्छ ।

## ४.१ अध्ययनका निष्कर्षहरू

कक्षा २ मा विशेष गरी ६/७ वर्ष उमेर समूहका बालबालिकाहरूले अध्ययन गरेको पाइन्छ । यो उमेर भनेको निकै उत्सुकताको उमेर हो । यो अवस्थाका बालबालिकालाई  रोचक अध्ययनतिर आकर्षण गर्ने कार्य शिक्षकको हो । यस उमेर समूहका बालबालिकाको उत्सुकता बढी मात्रामा हुने र लामो समयसम्म रहने भएकाले भाषा शिक्षणको क्रममा पनि विद्यार्थीहरूलाई बढी भन्दा बढी अन्तरक्रियामा संलग्न गराउनु पर्ने हुन्छ । अन्तरक्रियाबाट नेपाली भाषा शिक्षण गर्दा अन्तरक्रियाको प्रयोग न्यून मात्रामा भएको पाइयो । प्रायः विद्यालयहरूमा शिक्षक मात्र सक्रिय रूपमा रहेर विद्यार्थी निस्क्रिय अवस्थामा रहेको स्थिति पाइयो । अन्तरक्रिया भनेको नै

शिक्षकको साथमा विद्यार्थीलाई पनि सक्रिय बनाउने उपाय हो । कक्षा २ का बालबालिकालाई अझ बढी अन्तरक्रिया गराउनुपर्दछ । अनि मात्र बालबालिका स्पष्ट बोल्ने, बोल्न नधकाउने, जिज्ञासु स्वभावको परिपूर्ति हुने गर्दछ । यस अध्ययनको निष्कर्षलाई निम्नानुसार बुँदागत पनि गर्न सकिन्छ ।

## ४.२ निष्कर्षबाट देखिएका समस्याहरू

(क) अधिकांश समय शिक्षकको पहुँचमा रहेको पाइयो, केवल शिक्षकको प्रवचन सुन्न विद्यार्थी विवश भएको पाइयो ।

(ख) अन्तरक्रिया सञ्चालन गर्न व्यवस्थित कक्षाकोठा र बसाइको अभाव पाइयो ।

(ग) शैक्षिक सामग्रीको प्रयोग न्यून पाइयो ।

(घ) विद्यार्थीहरू प्रश्नोत्तर वा अन्तरक्रिया गर्न बढी धकाएकाले पनि अन्तरक्रिया कठिन भएको देखियो ।

(ङ) तालिम प्राप्त शिक्षकको तुलनामा तालिम अप्राप्त शिक्षकको शिक्षण फितलो भएको पाइयो ।

(च) शिक्षकले पाठको एकोहोरो व्याख्या गर्ने गरेको पाइएकाले विद्यार्थीका अन्तरनिहित प्रतिभा र क्षमतालाई प्रस्फुटन हुन नसकेको अवस्था पाइयो ।

(छ) शिक्षकले प्रश्न सोध्दा अगाडि बस्ने र जान्ने विद्यार्थीहरूलाई मात्र सोध्ने गरेको र अन्य विद्यार्थीलाई वास्ता नगरेको पाइयो ।

(ज) कक्षा सञ्चालनका क्रममा विषयसँग सम्बन्धित उदाहरणहरू दिएर पाठलाई छर्लङ्ग पार्नुपर्नेमा केवल पुस्तकको पङ्क्ति-पङ्क्ति मात्र सरसर पढ्ने बानी अधिकांश शिक्षक/शिक्षिकाहरूमा पाइयो ।

(झ) दैनिक पाठयोजना विना नै शिक्षकहरू प्रवेश गरेको पाइयो ।

(ञ) शिक्षक विद्यार्थी अन्तरक्रियाका बारेमा शिक्षकहरूलाई जानकारी भए पनि व्यवहारमा नउतारेको पाइयो ।

समग्रमा कक्षाकोठामा प्रत्यक्ष अवलोकन पद्धतिबाट गरिएको यो अध्ययनले के देखायो भने सामुदायिक र संस्थागत दुवै विद्यालयहरूको कक्षा २ मा परम्परागत

रूपमा चल्दै आएको चक, डस्टर र कालोपाटीमा केन्द्रित भई व्याख्यान विधिको प्रयोग गरेर पठनपाठन सञ्चालन भएको पाइयो । शिक्षक विद्यार्थीबीच, विद्यार्थी-विद्यार्थीबीच, भाषिक, आर्थिक, सामाजिक पृष्ठभूमि फरक भएका जो बोल्न हिच्किचाउँछन्, डराउँछन्, धकाउँछन् त्यस्ता विद्यार्थीबीच अन्तरक्रिया नगण्य रूपमा भएको पाइयो । विद्यार्थी केवल निष्कृय अवस्थामा रहेको पाइयो । कक्षा २ जस्तो साना विद्यार्थी भएको कक्षामा शिक्षक विद्यार्थीबीच बढीभन्दा बढी अन्तरक्रिया हुँदा मात्र शिक्षण प्रभावकारी र उद्देश्यपूर्ण हुन जान्छ ।

## ४.३ अध्ययनका सुझावहरू

नमुनाका रूपमा छनोट गरिएका विद्यालयका शिक्षक विद्यार्थी अन्तरक्रियाको अध्ययन गरी अवलोकन फारामबाट प्राप्त तथ्याङ्क अनुसार निम्नलिखित सुझावहरू प्रस्तुत गरिएका छन् जसबाट शिक्षकहरूलाई अध्यापन क्रियाकलापका कमजोरीहरू हटाएर सुधार गर्न सहयोग पुग्नेछ र शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी बन्नेछ भन्ने अपेक्षा गरिएको छ । सुझावहरू बुँदागत रूपमा तल उल्लेख गरिएको छ ।

क. अधिकांश कक्षामा शिक्षक मात्र सक्रिय रहेको पाइएकाले सहज वातावरण सिर्जना गरी विद्यार्थीलाई नै बढी सक्रिय बनाउनुपर्ने देखिन्छ ।

ख. ६/७ वर्षका बालबालिकाहरू लाज वा त्रासले मनमा उठेका कुरा सोध्न वा बोल्न नसकेका हुन सक्छन् । यस अवस्थामा शिक्षकले सहज वातावरण सिर्जना गरी मनोरञ्जनपूर्ण तरिकाले साथीभाइ जस्तो व्यवहार गरी घुलमिल हुन सक्ने वातावरणको सिर्जना गर्न सहयोग गर्नुपर्ने देखिन्छ ।

ग. विद्यालयको भौतिक वातावरण तथा बसाइ व्यवस्थित नहुँदा अन्तरक्रियामा बाधा परेको स्पष्टिगत गरी कक्षाकोठा र बसाइलाई वैज्ञानिक र व्यवस्थित बनाउन आवश्यक देखिन्छ ।

घ. शिक्षक विद्यार्थी अन्तरक्रिया सञ्चालन गर्दा प्रायः जसो अगाडि बस्ने, बोल्ने, चलाख तथा निडर जस्ता विद्यार्थीलाई मात्र प्राथमिकता दिएको देखिन्छ । यस कारण कक्षाकोठामा वा अन्य क्रियाकलापमा पिछिडिएकालाई विशेष प्राथमिकता दिई सबै विद्यार्थीलाई अन्तरक्रियामा सामेल गराउनु आवश्यक देखिन्छ ।

ङ. अन्तरक्रिया सञ्चालन गर्दा पाठ्यपुस्तकमा मात्र निर्भर नभई अन्य शैक्षिक सामग्रीको प्रयोग गर्नुपर्ने देखिन्छ ।

च. शिक्षकले व्याख्यान विधि मात्र नभई अन्य विधि छलफल, खोज, प्रश्नोत्तर, समस्या समाधान तथा अन्य नवीन विधिको प्रयोग गरी शिक्षण गर्नुपर्ने देखिन्छ ।

छ. तालिम प्राप्त शिक्षकको तुलनामा तालिम अप्राप्त शिक्षकको शिक्षण सिकाइ क्रियाकलाप त्यति प्रभावकारी नभएको हुँदा तालिम अप्राप्त शिक्षकहरूलाई तालिम दिने व्यवस्था र तालिम प्राप्तलाई पनि अन्तरक्रिया सम्बन्धी कार्यशालाहरू सम्पन्न गराउनु पर्ने देखिन्छ ।

ज. शिक्षकहरू कक्षाकोठामा दैनिक पाठयोजना बिना नै प्रवेश गरेको पाइएकाले शिक्षकले शिक्षक विद्यार्थीबीच के, कसरी, कति समय अन्तरक्रिया गर्ने भनेर व्यवस्थित योजना बनाएर कक्षा प्रवेश गर्दा मात्र अन्तरक्रिया प्रभावकारी हुने देखिन्छ ।

झ. विद्यार्थीले सिर्जनात्मक क्षमताले कदर गर्नुपर्ने देखिन्छ ।

ञ. कक्षाकोठाको अन्तरक्रियाहरूमा विविधता ल्याई अन्तरक्रियालाई रोचक बनाई विद्यार्थीलाई उत्साहित बनाउनुपर्ने देखिन्छ ।

अन्तमा कक्षा २ को शिक्षक-विद्यार्थी अन्तरक्रियाको अध्ययन गर्ने क्रममा धेरै जसो शिक्षकहरूले नै सक्रिय क्रियाकलाप सञ्चालन गरेको पाइएकाले विद्यार्थीलाई सक्रिय बनाएर विद्यार्थी केन्द्रित शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नु पर्ने देखिन्छ । कक्षा विद्यार्थीहरूको शब्दभण्डार वृद्धिका साथै सुनाइ, बोलाइ, पढाइ, लेखाइ पक्षको विकासका साथै साहित्यिक क्रियाकलापतर्फ अग्रसर गराउन बढीभन्दा बढी अन्तरक्रियामा सहभागी गराउनुपर्ने देखिएको छ । विद्यालय तहमा परम्परागत रूपमा चल्दै आएको व्याख्यान विधि त्यति प्रभावकारी नभएकाले यस तहमा अन्तरक्रियात्मक विधिको अवलम्वन गर्नुपर्ने देखिन्छ । अन्तरक्रियात्मक विधिहरूको बारेमा शिक्षकहरूलाई समेत तालिम र गोष्ठीहरूको सञ्चालन गर्नुपर्ने आवश्यकता देखिन्छ ।

## ४.४ शैक्षिक प्रयोजन

शिक्षण सिकाइ क्रियाकलाप एक जटिल र चुनौतीपूर्ण कार्य हो । यसमा पनि कक्षा २ र प्रा.वि. तहका बालबालिकाहरूका लागि नेपाली भाषा शिक्षणका अनेक चुनौतिहरू रहेका हुन्छन् । नेपाली विषयलाई अन्य विषयभन्दा सरल रूपमा लिएर त्यति चासो नदेखाइएको पनि पाइन्छ । यसबाट नेपाली भाषा शिक्षणलाई प्रभावकारी बनाउन अन्तरक्रिया हुनु नितान्त आवश्यक देखिन्छ ।

नेपाली भाषा शिक्षण गर्ने शिक्षक, विषय विशेषज्ञ, पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण साथै अन्य अनुसन्धानकर्तालाई यस अध्ययनले केही मात्रामा भए पनि सहयोग गर्ने अपेक्षा राखिएको छ । यही नै यस अध्ययनको शैक्षिक प्रयोजन पनि हो । यसबाट कक्षा २ मा अध्यापनरत शिक्षकहरूले नेपाली भाषा शिक्षण गर्दा विद्यार्थीहरूलाई बढीभन्दा बढी अन्तरक्रियामा सहभागी गराएर विद्यार्थी केन्द्रित शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न सहयोग मिल्नेछ ।

यस अध्ययनबाट पाठ्यक्रम एवम् पाठ्यपुस्तक निर्माताले अन्तरक्रियात्मक क्रियाकलाप सञ्चालन गर्ने किसिमको पाठ्यक्रम र पाठ्यपुस्तकहरूको परिमार्जन हुनेछ । यसका साथै यस विषयसँग सम्बन्धित भएर नयाँ अनुसन्धान गर्न अनुसन्धानकर्ताहरूलाई सहयोग मिल्नेछ । शिक्षक-विद्यार्थी बीचको सम्बन्ध अझ प्रगाढ बन्नेछ ।

### शोधका लागि सम्भाव्य शीर्षकहरू

यस शोधपत्रमा प्राथमिक तहमा नेपाली भाषा शिक्षणका सम्पूर्ण पक्षहरुको बारेमा अध्ययन गर्न सम्भव नभएकाले थप अनुसन्धानका लागि निम्न अनुसारका शीर्षकहरु सिफारिस गरिएको छ :

प्राथमिक तहमा शिक्षक विद्यार्थी अन्तरक्रियाको अध्ययन

निम्नमाध्यमिक तहमा शिक्षक विद्यार्थी अन्तरक्रियाको अध्ययन

माध्यमिक तहका शिक्षक विद्यार्थी अन्तरक्रियाको अध्ययन

अन्तरक्रियात्मक शिक्षण विधिको अध्ययन

सामुदायिक र संस्थागत विद्यालयका शिक्षक विद्यार्थी अन्तरक्रियाको तुलनात्मक अध्ययन

विद्यार्थीहरूको अन्तरक्रियात्मक क्षमताको अध्ययन

# सन्दर्भग्रन्थ सूची


अधिकारी, विष्णुप्रसाद र आनन्द पौड्याल (२०६५), *शिक्षाशास्त्र र नेपालमा शिक्षा,* काठमाडौँ आशिष बुक्स प्रा.लि.

अधिकारी, हेमाङगराज (२०५७), *नेपाली भाषा शिक्षण* (चौ.स.) काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी

घिमिरे, सीता (२०६५), *कक्षा चारको शिक्षक विद्यार्थी अन्तरक्रियाको अध्ययन*

छटुवाल, कान्ति (२०६५), ने*पाली भाषाको शिक्षण सिकाइमा शिक्षक विद्यार्थी अन्तरक्रियाको अध्ययन* ....................................

ढकाल, शान्तिप्रसाद (२०६३), *प्रायोगिक भाषा विज्ञान* (चै.स.) काठमाडौँ : शुभकामना बुक्स एण्ड स्टेसनरी

पोखेल, दिनेश (सन् २००७), *इफेक्टिभनेस अफ इन्टरयाक्सन टेक्निक इन रिचिङ्ग कम्युनिकेटिभ फङ्सनस*

बन्धु, चुडामणि (२०४३), *भाषा विज्ञान,* काठमाडौँ : साझा प्रकाशन

भट्टराई, रामप्रसाद (२०६५), *भाषिक अनुसन्धान विधि,* काठमाडौँ, शुभकामना प्रकाशन ताहचल

भण्डारी, पारसमणि (२०५३), *प्रायोगिक भाषा विज्ञानका केही पक्ष,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार

लामिछाने, यादबप्रकाश (२०५३), *सामान्य र प्रायोगिक भाषा विज्ञान तथा नेपाली भाषा,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार

सुवेदी, *खगेन्द्र, विद्यालय निरीक्षक दिग्दर्शन*

शर्मा, चिरञ्जीवी र निर्मला शर्मा (२०६५) *शिक्षाको दर्शन शास्त्रीय र समाज शास्त्रीय आधार,* काठमाडौँ : एम.के. पब्लिसर्स एण्ड डिस्टिब्युटर्स

क्षेत्री, रक्षबहादुर (२०६५), *शिक्षक विद्यार्थीहरूको अन्तरक्रियाको अध्ययन* ...............................

# अनुसूची १

## नमुनाका रूपमा छानिएका विद्यालय

| क्र.स. | क्षेत्र | विद्यालयको नाम | विद्यालयको किसिम | विद्यार्थी सङख्या | प्र.अ.को नाम | विषय शिक्षकको नाम |
|---|---|---|---|---|---|---|
| 1 | पृथ्वीनगर-७ विहिबारे | शिखर शिशु सदन | संस्थागत | 22 | वसन्त राई | रामेश्वर खनाल |
| 2 | पृथ्वीनगर-७ सोमबारे | शान्ति प्रा.वि. | सामुदायिक | 35 | भक्त प्रधान | तारा थापा |
| 3 | शनिश्चरे-१ | स्वस्तिका शिशु सदन | संस्थागत | 31 | टीकाराम गौतम | सरिता सापकोटा |
| 4 | शनिश्चरे -१ बजार | शनिश्चरे उ.मा.वि. | सामुदायिक | 105 | भैरव प्र. पौड्याल | सरोज काफ्ले |
| 5 | अनारमनी-३ विर्तामोड | देवी उ.मा.वि. | सामुदायिक | 37 | लेखनाथ भट्टराई | युवराज ढकाल |
| 6 | अनारमनी -३ विर्तामोड | टावर टेम्पल इ.बो.स्कूल | संस्थागत | 25 | तिलक भण्डारी | सुरक्षा खनाल |

# अनुसूची २

## शिक्षक प्रश्नावली

विद्यालयको नाम : मिति :

शिक्षकको नाम : लिङ्ग : महिला/पुरुष

विषय :

कक्षा :

शिक्षकको योग्यता :

तलका प्रश्नका सर्वोपयुक्त उत्तरमा (✓) चिन्ह लगाउनुहोस् ।

1. जम्मा (४०-४५) मि. मध्ये कति समय विद्यार्थी अन्तरक्रियाका लागि दिनुहुन्छ ?

   क) ०-१० मि. ख) ११-२० मि.

   ग) २१-३० मि. घ) ३१-४० मि.

2. तपाई (शिक्षक) कक्षामा कति समय बोल्नुहुन्छ

   क) ०-१० मि. ख) ११-२० मि.

   ग) २१-३० मि. घ) ३१ - ४० मि.

3. तपाइको कक्षा भित्र शिक्षक-विद्यार्थी अन्तरक्रिया कसरी हुन्छ ?

   क) विद्यार्थी विद्यार्थी बीच ख) स-साना समूहमा

   ग) पुरै समूहमा घ) मिश्रित

4. तपाइले भाषिक सीप र विषयवस्तुको ज्ञान कसरी दिनुहुन्छ ?

   क) एकीकृत ख) पृथकीकृत

   ग) दुवै घ) अन्य

5. तपाईं कस्ता कस्ता पाठ्यवस्तुमा अन्तरक्रिया गराउनुहुन्छ ?

   क) व्याकरणमा ख) कविता जस्ता पद्यविधामा

   ग) कथा, जीवनी (गद्य विधा) घ) सम्पूर्णमा

6. तपाईंले कक्षा २ को भाषा शिक्षण सिकाई क्रियाकलाप कसरी गर्दै हुनुहुन्छ ?

क) बालकेन्द्रित विधि तथा छलफल विधिमा आधारित

ख) शिक्षक केन्द्रित औपचारिक विधिमा आधारित

ग) प्रश्नोत्तर र व्याख्यान विधिमा आधारित

घ) बालकको भाषिक तथा बौद्धिक विकासमा आधारित

7. व्याकरण शिक्षण गर्दा तपाईंलाई कुन विधि मन पर्छ ?

क) आगमन

ख) निगमन

ग) भाषा पाठ्यपुस्तक

घ) अन्य

8. तपाईं प्रश्नोत्तर कसरी गर्नु हुन्छ ?

क) समूहलाई प्रश्न गरी व्यक्तिगत उत्तर लिएर

ख) जान्ने विद्यार्थीलाई प्राथमिकता दिएर

ग) अगाडिका विद्यार्थीलाई प्राथमिकता दिएर

घ) नजान्ने विद्यार्थीलाई जोड दिएर

9. तपाईंको कक्षामा कस्ता विद्यार्थी अन्तरक्रियामा बढी सक्रिय रहन्छन् ?

क) दलित

ख) गैरदायित्व

ग) जनजाति

घ) सबै

10. तपाइईंले कस्ता स्तरका विद्यार्थीलाई बढी प्रश्नोत्तर गरी अन्तरक्रियामा सहभागी गराउनु हुन्छ ?

क) अगाडि बस्नेलाई

ख) पछाडि बस्नेलाई

ग) जान्ने विद्यार्थीलाई

घ) कमजोर विद्यार्थीलाई

# अनुसूची ३

## कक्षा अवलोकन फाराम

विद्यालयको नाम : कक्षा :

शिक्षकको नाम : समय :

विषय : नेपाली मिति :

पाठ शीर्षक :

| क.स. | कार्यकलापहरू | अति उत्तम | उत्तम | मध्यम | निम्न | टिप्पणी |
|---|---|---|---|---|---|---|
| १ | क) पूर्व पाठमा आधारित | | | | | |
| | ख) पाठको तयारी | | | | | |
| | ग) पाठको शिक्षण उद्देश्य स्पष्ट | | | | | |
| | घ) पाठप्रति शिक्षकको रुचि जागरण | | | | | |
| | ङ) कक्षा व्यवस्थापन | | | | | |
| २ | शैक्षिक सामग्री | | | | | |
| | क) चार्ट | | | | | |
| | ख) पत्रपत्रिका | | | | | |
| | ग) दैनिक प्रयोगका समाग्री | | | | | |
| | घ) चित्र, तालिका, ग्राफ | | | | | |
| | ङ) शब्द पत्ती, अर्थ पत्ती र वाक्य पत्ती | | | | | |
| ३ | शिक्षण विधिहरू | | | | | |
| | क) प्रर्दशन | | | | | |
| | ख) छलफल | | | | | |
| | ग) प्रश्नोत्तर | | | | | |
| | घ) भूमिका निर्वाह | | | | | |
| ४ | शिक्षक समयको बाँडफाँड | | | | | |
| | क) शिक्षकले बोलेको समय | | | | | |
| | ख) शैक्षिक सामग्री देखाउदा लाग्ने समय | | | | | |
| | ग) पाठ्यवस्तु पढाउदा लाग्ने समय | | | | | |
| ५ | विद्यार्थी समयको बाँडफाँड | | | | | |
| | क) विद्यार्थीले बोलेको समय | | | | | |
| | ख) जान्नेमात्र विद्यार्थी बोल्ने | | | | | |
| | ग) अगाडि बस्ने विद्यार्थीले बोलेको समय | | | | | |
| ६ | सहभागिताको प्रकृति | | | | | |
| | क) विद्यार्थीको उपस्थिती | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ख) छात्रछात्राहरूको बराबर सहभागिता | | | | | |
| | ग) शिक्षक विद्यार्थी सहभागिता | | | | | |
| ७ | शिक्षक विद्यार्थी अन्तरक्रिया | | | | | |
| | क) पाठ्यवस्तुसँग सम्बन्धित | | | | | |
| | ख) उद्देश्य अनुकुल | | | | | |
| ८ | विद्यार्थी - विद्यार्थी अन्तरक्रिया | | | | | |
| | क) छात्रछात्राबीच अन्तरक्रिया | | | | | |
| ९ | पाठ्यवस्तु अनुरूप कार्यकलाप | | | | | |
| | क) दैनिक पाठअनुसार | | | | | |
| | ख) सबै विद्यार्थीलाई समेट्ने | | | | | |
| | ग) विद्यार्थीलाई प्रश्न गर्ने | | | | | |
| | घ) प्राप्त उत्तर टिप्न लगाउने | | | | | |

अवलोकनकर्ता
झुमा आचार्य
शनिश्चरे, झापा

# अनुसूची ४

# व्यक्तिवृत

| | | |
|---|---|---|
| नाम | : | झुमा आचार्य |
| जन्ममिति | : | २०४२/०९/२५ |
| स्थायी ठेगाना | : | शनिश्चरे ९, झापा नेपाल |
| बुवाको नाम | : | थल प्रसाद आचार्य |
| आमाको नाम | : | नर्वदा आचार्य |
| पेशा | : | अध्ययन |
| धर्म | : | हिन्दू |
| नागरिकता नं. | : | ८२३११४१७ |
| रुचि | : | अध्ययन र अध्यापन |
| भाषा | : | नेपाली |

## शैक्षिक योग्यता

| | | |
|---|---|---|
| एस.एल.सी., २०५८ | : | श्री शनिश्चरे उ.मा.वि., शनिश्चरे-१, झापा |
| १०+२, २०६२ | : | श्री शनिश्चरे उ.मा.वि., |
| बी.एड., २०६५ | : | कनकाई बहुमुखी क्याम्पस सुरुङगा, झापा |
| एम.एड., २०६८ | : | कनकाई बहुमुखी क्याम्पस सुरुङगा, झापा |